# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आश्विन १५ गते ०८ साल

## भाग ८

## सूचना

गोदावरी मार्वल कम्पनीको कामलाई चाहिने दाउराको फाँट अड्डाकै सूम्ता-बाट देखिने हुँदा सोबाहेक सो कम्पनीले चून पोली तयार गर्न चाहिने भनी द-र्खास्त गरेको दाउरा चट्टामध्ये ९ साल ज्येष्ठ मसान्तभित्रमा कति चट्टा लिने हो, निज कम्पनीले र सोबाहेक सरकारमा बुझाउन र दुनियाँ बिक्रीलाई समेत, चून ईट टायेल इत्यादी पोल्न ठेकदार साहू महाजनहरूलाई कुन कुन जंगलबाट के कति दाउरा चाहिने हो, दाउराको दरकारवाला सबै ठेक्कदार साहू महाजनहरूले ०८ साल आश्विन ३१ गतेभित्रमा वन गोस्वारामा दर्खास्त दिनुभएमा निम्नलिखित शर्तमा वन-जंगल उजाड नहुने, काट्न दिन हुने सम्मको दाउरा दिने उचित कारवाइ हुनेछ । सो म्यादभित्र पर्न नआएको दर्खास्तबाट सो जेष्ठ मसान्तभित्रमा दाउरा पाउनु हुनेछैन ।

(क) साबिकमा ५०० क्युनिक फिटको दाउरा चट्टा १ कोश मोरू १५। सलामी बुझाई ठेकदारहरूले र कुनै कुनैले दाउरा पाई आएकोमा अब उप्रान्त सबै-ले एकै दर उचित ठहरेको मोलमा यस विभागका श्रीमाननीय मंत्रीजीका तजबीज-बाट सयकडा २५ संम घटाई पाउनेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

( ख ) चाहिने भनी दर्खास्त गरेको दाउराको मोलको सयकडा १० ले डिपोजित राखी दाउराको मोल २ किस्ता गरी पहिला किस्तामा आधा मोल र दोस्रा किस्ता-मा डिपोजित कटाई बाँकी बुझाउनपर्छ । दाउरा निकासी पनि किस्ता बुझाए-अनुसार पाएको दाउराको आधा मात्र निकासी गर्न पाउनेछ ।

( ग ) सो मोल र डिपोजित दाखिल गरेको दाउरा ०६ साल जेष्ठ मसान्तभित्रमा निकासी गरिसक्नुपर्छ । सो म्यादमा निकासी गर्न नसके पछि निकासी गर्न र दाखिल गरेको मोल डिपोजित फिर्ता पाउनेछैन ( मोल डिपोजित जफत हुनेछ )।

( घ ) अड्डाबाट टाँचा लगाई दिएको रूख आफ्नै तरफबाट कटानी ढुवानी गरी अड्डाबाट तोकिदिएका ठाउँ अर्थात् डिपोमा ल्याई आफ्नै तरफबाट चट्टा लगाई पहरा दिई अड्डाबाट नाप जाँच गराई डेरवालाबाट निस्सा ली मात्र काममा लगाउन निकासी गरी लान पाउँछ । सो दाउराको पालो पहरा ठेकदारबाटै राख्नुपर्छ ।

विशेष द्रष्टव्य — ख.ग. मा लेखिएको नियम ठेकदार साहू महाजनहरुको फाइदाको निमित्त भएको हो। कारण, वनजंगल फरेष्ट अफिसरबाट जाँच गराउँदा कटानी गर्न हुने ठहरेजतिको चट्टासम्म मात्र कटानी गराउनुपर्ने, सो कटानी हुने ठहरेको संख्याभन्दा बढीको दरखास्त पर्न आएमा जवानै हटाउने वा दामासाहीले घटाउनुपर्ने, सोबमोजिम घटाई वा हटाई पठाएकोमा कबूल गर्नेहरुले कबूलबमो-जिमको दाउरा तोकिएको म्यादमा कटानी ढुवानी निकासी गरी नदिएमा कटानी गरी झिक्न हुने दाउरा जंगलमा त्यसै पडीरहने, माथि लेखिएबमोजिम घटी वा हटी गैसकी आवश्यकवालाले दाउरा नपाउने हुनजाने भै त्यस्तो नपरोस् चाहिने र निकासी गर्न सक्नेसंमको मात्र दर्खास्त परोस्, चाहिनेभन्दा बढी दरखास्त पर्न नआओस् भन्नाखातिर कबूल गरेको पाउने ठहरेको दाउराको मोलको सयकडा १० का दरले डिपोजित राख्नुपर्ने र म्यादमा निकासी गर्न नसके दाखिल भएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मोल औ डिपोजितसमेत फिर्ता नपाउने, म्यादपछि दाउरा निकासी गर्न पनि नपाउने, नियम जारी गरिदिएकोबाट नभैनहुने निकासी गर्न सक्ने, सकेसम्म घटी दाउराको दरखास्त पर्न आउने भै दाउराको दरकारवालालाई दाउरा घटी बा हटी जान नपर्ने भई असल हुने देखेका छौं।

बनमन्त्रालय.

मुद्रण विभाग, सिंहदरबार

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।